# कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. ठूलाचौरको ब्राह्मण महिलाहरूको सामाजिक तथा साम्पत्तिक अवस्था

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकाय पृथ्वीनारायण बहुमुखी क्याम्पस, समाजशास्त्र तथा मानवशास्त्र विभागअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्ष आठौं पत्रको प्रयोजनका लागि प्रस्तुत

शोध - पत्र


**शोधकर्ता :**

कपिलमणि दाहाल

समाजशास्त्र/ मानवशास्त्र विभाग

पृथ्वीनारायण बहुमुखी क्याम्पस,

पोखरा


२०६६

# सिफारिश - पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गतस्नातकोत्तर तह समाज शास्त्र/ मानवशास्त्र विभाग पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा, रो.नं. ४५९/२०५९, त्रि.वि.वि. दर्ता नं.७२४२/९४ का विद्यार्थी श्री कपिलमणि दाहालले समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्ष, आठौं पत्रको प्रयोजनका लागि **"कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. ठूलाचौरका ब्राह्मण महिलाहरूको सामाजिक तथा साम्पत्तिक अवस्था"** शीर्षकको शोधपत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो । निकै मेहनतपूर्वक तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । अन्तमा शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

-------------------------

सूर्यभक्त सिग्देल

शोध-निर्देशक

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायण बहुमुखी क्याम्पस,

पोखरा

# स्वीकृति - पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप द्वितीय वर्ष आठौंपत्रका प्रयोजनको लागि श्री कपिलमणि दाहालद्वारा **“कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. ठूलाचौरका ब्राह्मण महिलाहरूको सामाजिक तथा साम्पत्तिक अवस्था”** शीर्षकमा तयार पारिएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

| | हस्ताक्षर |
|---|---|
| शोध निर्देशक शि.स., श्री सूर्यभक्त सिग्देल | ........................ |
| बाह्य परीक्षक (विशेषज्ञ) सह-प्राध्यापक श्री तारानाथ बराल | ........................ |
| विभागीय प्रमुख, सह-प्राध्यापक श्री डा. विश्वकल्याण पराजुली | ...................... |

मिति : २०६६। ।

# भाषा सम्पादनको सिफारिश - पत्र

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखराका समाजशास्त्र/मानवशास्त्र विभागका छात्र श्री कपिलमणि दाहालले मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्ष आठौं पत्रको आवश्यकता परिपुर्तिका लागि अध्ययन गर्नु भएको **"कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. ठूलाचौरका ब्राह्मण महिलाहरूको सामाजिक तथा साम्पत्तिक अवस्था"** शिर्षकको शोध पत्रको नेपाली भाषा सम्पादन म बाट भएको व्यहोरा सिफारिश साथ अनुरोध गर्दछु ।

...............................

**चुडामणि खनाल**
पृथ्वीनारायण बहुमुखी क्याम्पस
पोखरा

## प्राक्कथन

सम्पत्ति मानवीय जीवनको अपरिहार्य तत्त्व हो । सम्पत्तिको आवश्यकता र महत्त्व मानिसको जन्म हुनु पूर्वदेखि मृत्युपर्यन्त रहिरन्छ । मानिस र सम्पत्तिका बीचको सम्बन्ध अन्योन्याश्रित छ । यी दुईमा एकको अभावमा अर्काको अस्तित्व रहिरहन सक्दैन । त्यसैले त मानिसविनाको सम्पत्ति र सम्पत्ति विनाको मानिसको कल्पनासम्म गर्न सकिँदैन । सम्पत्तिको अभावमा मानवीय जीवनको अस्तित्व रहीरहन गाह्रो पर्दछ, रहिहाले पनि त्यो अस्तित्व स्थायी रहन सक्दैन । जतिसुकै समयको भएपनि जीवनको अस्तित्व कष्टकर र अन्ततः दर्दनाक हुनपुग्दछ । र त्यो अवस्था त्यस वेला आउँछ, जुन वेला मानिस न्यूनतम आधारभूत आवश्यकताबाट बन्चित रहन पुग्दछ ।

सम्पत्ति मानवसँगै अस्तित्वमा आएको चिजवस्तु हो । यो जटिल विषय भएको हुनाले आजसम्म यसको सर्वसम्मत परिभाषा गर्न सकिएको छैन । आज मानिस मानिसका बीचमा भएका द्वन्द, झगडा, सहयोग, संघर्ष र समन्वय सम्पत्तिकै नाउँमा हुने गरेका छन् । र यसको घेरा व्यक्ति, समाज हुँदै राष्ट्र राज्य र अन्तराष्ट्रिय जगतसम्म पुग्ने गरेको छ । यस्ता सम्पत्तिअन्तर्गत भौतिक वा अभौतिक सम्पूर्ण चिज वस्तु जसको मूल्य महत्त्व र आवश्यकता हुने गर्दछ, ती सबै पर्दछन् । विष पनि मानवीय जीवनमा चाहिने चिज वस्तुमा नै पर्दछ, यद्यपि यसले ज्यानै लैजान पनि सक्दछ, तर आवश्यकता महत्त्व र मूल्यका आधारमा यसलाई सम्पत्ति नै मानिन्छ । प्राचीन अवस्थामा त मानिसले मानिसलाई नै पनि संम्पत्तिको रूपमा लिने मान्ने गरेको पाइन्छ ।

महिला र पुरुष विना संसारिक अस्तित्व रहन सक्दैन तर सम्पत्तिलगायत थुप्रै विषयहरूमा महिला पुरुष बिच विभेद रहे भएको पाइन्छन् । समानता, स्वतन्त्रता, मानवअधिकार तथा लैङ्गिक अधिकार जेसुकै भनिए पनि महिलाहरू साम्पत्तिक आर्थिक अधिकार र पहुँचबाट टाढा रहेका छन्, फरक यति मात्र हुनसक्दछ कि त्यो पहुँचको मात्रा जात जाति, समाज, राष्ट्र र राष्ट्र राष्ट्रका बीच फरक फरक रहने गर्दछ । यसैअनुसार महिलाको साम्पत्तिक अधिकार र अवस्थालाई सैद्धान्तिक र व्यवहारिक दुवै रूपमा हेर्नका लागि समेत समाजशास्त्रीय अध्ययन गर्नाका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षका आठौं पत्रको प्रयोजनका लागि समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरामा **"कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. ठूलाचौरका ब्राह्मण महिलाहरूको सामाजिक तथा साम्पत्तिक अवस्था"** शीर्षकको प्रस्तावनापत्र पेश गरेको थिए । उक्त प्रस्ताव पत्रको स्वीकृतीपछि सोहीबमोजीम यो अध्ययन प्रतिवेदन तयार भएको हो ।

मलाई यो शोध कार्य सम्पन्न गर्ने समयसम्ममा मात्र होइन शुरुदेखिनै म राजनीतिशास्त्र स्नातकोत्तर तहको विद्यार्थी रहँदाका वेलादेखि सोही विभागअन्तर्गत समाजशास्त्र/मानवशास्त्र विषय रहँदा एउटै विभागका गुरु र पढाउने गुरुसमेतका रूपमा रहनु भएका श्री डा. विश्वकल्याण पराजुलीको विद्यार्थी थिएँ र यस समाजशास्त्र/मानवशास्त्र विभाग छुट्टै बनेपछि यस विषयको स्नातकोत्तर तहको पढाइ शुरु भएपछि पनि म पहिलो भर्ना वर्षसमूहको विद्यार्थी बनेको थिएँ । यस अवस्थामा पनि म वर्तमान विभागीय प्रमुखको पुन : औपचारिक विद्यार्थी बन्न पुगेँ, त्यसैले यो

शोधकार्य र अन्य विषयमा समेत मलाई उहाँले थुप्रै सहयोग सल्लाह दिनुभएको छ । यसका लागि म उहाँ प्रति कृतज्ञ छु । त्यस्तै यो शोधकार्य सम्पन्न गर्ने समयसम्म जुनसुकै समयमा जुनसुकै ठाउँमा पनि आफ्नो कार्य व्यस्ततालाई पनि पछाडि नै राखी हरेक विषयमा खुल्ला रूपमा सहयोग, सल्लाह र सामाग्री दिई निर्देशन गर्ने आदरणीय गुरु शोधनिर्देशक श्री सूर्यभक्त सिग्देलज्यूप्रति म आभारी रहनेछु । वास्तवमा उहाँको पूर्ण सहयोगले नै यो शोधकार्य सम्पन्न भएको हो । त्यस्तै यो शोधकार्य सम्पन्न गर्दासम्म निरन्तर सहयोग सल्लाह दिइरहनु हुने आदरणीय गुरु डा. प्रकाश उपाध्यायप्रति पनि म अनुग्रहीत छु । यसमा उहाँले शोध निर्देशकले झैँ नै सल्लाह दिनुभएको छ । त्यस्तै अन्य विभागीय प्राध्यापकहरू प्रति पनि म आभारी छु ।

यस शोध कार्य सम्पन्न गर्नाका लागि पुस्तक, पत्र-पत्रिका, सन्दर्भ-ग्रन्थ आदि उपलब्ध गराउन सहयोग गर्ने पश्चिमाञ्चल पुस्तकालय परिवारलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै कम्प्यूटर टाईप गर्ने गेटवे कम्प्यूटर र सहकर्मी, सहपाठी प्राध्यापक तथा साथीहरू, उत्तरदाता र शुभेच्छुक शुभचिन्तक सबै व्यक्तिहरू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

कपिलमणि दाहाल

रोल नं. : ४५९/२०५९

सि.नं. : ४६८५

त्रि.वि.वि., द.नं. : ७२४२/९४

त्रि.वि.वि. समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण बहुमुखी क्याम्पस

बगर, पोखरा

## अध्ययनसार

समाज प्रगतिशील र परिवर्तनशील पनि हुन्छ र यो सार्वभौमिक नियम नै हो । विभिन्न प्रकारबाट समाजको परिवर्तन हुँदा समाजमा रहने मानिसको सामाजिक अवस्था र साँस्कृतिक अवस्थामा पनि परिवर्तन हुन्छ, तर परिवर्तनको यो अवस्था तीव्र र मन्द दुवै गतिमा हुने गर्दछ । त्यसैले सम्पत्तिसम्बन्धी व्यवस्थालाई पनि संवैधानिक, कानूनी रूपमा राष्ट्रिय/अन्तराष्ट्रिय कानूनमा मौलिक हक, मानवअधिकार र नागरिक हक अधिकारका रूपमा व्यवस्था गरिएको पाइन्छ ।

मूलतः यस अध्ययनमा

- ⇒ महिलाको साम्पत्तिक व्यवस्थाको सैद्धान्तिक तथा व्यावहारिक पक्षको अध्ययन गर्ने ।
- ⇒ महिलाको साम्पत्तिक अधिकार र व्यवस्थाको स्रोत र पृष्ठभूमि खोज्ने ।
- ⇒ महिलाको साम्पत्तिक सामाजिक व्यवस्थालार्य व्यवहारमा हेर्ने ।
- ⇒ विद्यमान कानूनमा व्यवस्था भएमा महिला सम्पत्तिका बारेमा अध्ययन गर्ने उद्देश्य राखिएको छ ।

यस अध्ययनमा वर्णनात्मक, व्याख्यात्मक, विषयवस्तु विश्लेषण ऐतिहासिक तुलनात्मक अनुसन्धान ढाँचाको अवलम्बन गरिएको छ । त्यस्तै कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. ३ र ९ ठूलाचौरलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ । अर्कोतर्फ मूलतः सैद्धान्तिक व्यवस्थाको विश्लेषणका लागि कानूनी समाजशास्त्रीय अवधारणा लैङ्गिक सिद्धान्त, आर्थिक सिद्धान्त तथा विधिशास्त्रको समाजशास्त्रीय मान्यता र अवधारणाअनुसार मुलुकी ऐनका महिलाका साम्पत्तिक व्यवस्थासम्बन्धी महल र संवैधानिक कानून र मौलिक हक व्यवस्थालाई पनि विषयवस्तु विश्लेषणको क्षेत्रका रूपमा राखिएको छ ।

महिलाको साम्पत्तिक व्यवस्थाको विकास म्याग्नाकार्टा-१२१५ देखि नै भई संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, विभिन्न सन्धि, अभिसन्धि र महासन्धीमा भएका छन्, यसैअनुसार नेपालमा विभिन्न ६ वटा संविधान र मुलुकी ऐन र अन्य कानूनमा पनि भएको पाइन्छ ।

अध्ययन क्षेत्र ढिकुरपोखरीमा विभिन्न उमेर समूहका मुख्यतः ६ महिना देखि ६५ वर्ष माथि सम्मका गरी कुल ९५५२ जनसङ्ख्या रहेकोमा महिलाहरू ४७५८ रहेका छन्, अध्ययन क्षेत्र ढिकुरपोखरीमा ६२ प्रतिशत ब्राह्मण, ५ प्रतिशत क्षेत्री, ६ प्रतिशत गुरुङ, ६ प्रतिशत परियार, १६ प्रतिशत वि.क. र ५ प्रतिशत अन्य रहेका छन् । रोजगारीका सवालमा कृषिकार्य २३५२ जनाले, सरकारी ५८, निजी ४६, वैदेशिक रोजगारी २५, व्यापार १९२, उद्योग ८ जनाले गर्दछन् ।

ठूलाचौरमा भने शतप्रतिशत हिन्दुधर्माबलम्बी रहेका  छन् । उत्तरदातामध्ये ४६ प्रतिशतसँगमात्र छ । साम्पत्तिक अवस्थामा छुट्टी भिन्न भएपछि फरक पाएका छन्, ५४ प्रतिशतले । त्यस्तै कर्जा लेनदेन व्यवहार र वैयत्तिक पारिवारिक साम्पत्तिक कारोबारका लागि कसैसँग पनि बैंक खाता रहेको छैन । मानवअधिकार, लैङ्गिक अधिकारका बारेमा जानकारी राख्ने महिलामात्र २० प्रतिशत रहेका छन् । यसले साम्पत्तिक हकअधिकारको प्रतिका् अनभिज्ञतालाई इङ्गित गरेको छ । सम्पत्ति प्राप्तिका लागि २ प्रतिशतले मुद्दा गरेका (अंशमुद्दा) तर हाल कसैले मुद्दा गरेका छन्ननन, दानवकस, अपुताली, धर्मपुत्री, धर्मपत्नी क्षतिपूर्तिको माध्यमबाट सम्पत्ति प्राप्त गरेका छैनन् । ६ प्रतिशतले अंश लिएका छन् अंशबन्डाबाट । झन्डै १५ घण्टा कार्य गर्दछन् महिलाहरू सबै कृषि कार्य गर्दछन्, घरभित्रको काम गर्दछन्; तर त्यसको आर्थिक मूल्य र महत्त्व रहेको पाइँदैन । पारिवारिक अचल सम्पत्तिको बिक्री व्इवहारमा १४ प्रतिशतसँगमात्र सल्लाह लिने अवस्था पाइन्छ । महिला सम्पत्तिको जानकारीका लागि ४८ प्रतिशतले आवश्यकता देखाएका छन् १४ प्रतिशतलाई साम्पत्तिक हकका बारेमा जानकारी छ महिलाहरूले भूमिमा बराबरी हक रहनुपर्ने र साम्पत्तिक विवाद हेर्न छिटो र सुलभ रूपमा पारिवारिक अदालतको आवश्यकता रहेको औंल्याएका छन् । १६ प्रतिशत अचल सम्पत्ति रहेको छ । ७६ प्रतिशतले महिला र पुरुषका बीच सम्पत्तिमा बराबरी हक हुनुपर्ने धारणा राख्दछन् । पशुधनमाथिको स्वामित्व ६ प्रतिशतसँगमात्र रहेको छ ।

*सिफारिश पत्र*
*स्वीकृती पत्र*
*प्राक्कथन*
अध्ययनसार
*विषय-सूची*
*तालिका-सूची*
*चित्र-सूची*

# विषय सूची

**अध्याय - एक** **पृष्ठ**

**अध्ययनको पृष्ठभूमि** **१-५**
१.१ अध्ययनको परिचय १
१.२ समस्या कथन ३
१.३ अध्ययनको उद्देस्य ४
१.४ अध्ययनको महत्त्व ५
१.६ अध्ययनको सीमा ५
१.६ अध्ययनको सङ्गठन ५

**अध्याय - दुई**

**पूर्व साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक समीक्षा** **६-२१**
२.१ सैद्धान्तिक पुनरावलोकन ६
क) कानूनी समाजशास्त्रको सैद्धान्तिक अवधारणा ६
ख) सामाजिक तथा आर्थिक सिद्धान्त ११
ग) लैङ्गिक सिद्धान्त १२
घ) पूर्वअध्ययनको सन्दर्भ १३
२.२ अवधारणागत रूपरेखा १९
२.३ सैद्धान्तिक रूपरेखा २१

**अध्याय - तीन**

**अध्ययन-विधि** **२२-२४**
३.१ अध्ययनक्षेत्रको छनौट २२
३.२ अनुसन्धान ढाँचा २२
३.३ तथ्याङ्कको स्रोत र प्रकृति २२
३.३.१ प्राथमिक स्रोत २३
३.३.२ द्वितीय स्रोत २३
३.४ समग्र एवम् नमूना छनौट २३

३.५ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण २४

## अध्याय - चार

**अध्ययन क्षेत्रको परिचय** **२५-४०**
४.१ कास्की जिल्लाको सामान्य परिचय २५
४.२ ठूलाचौरको परिचय २७
१ भौगोलिक अवस्था २७
२ लिङ्ग र उमेरअनुसारको जनसङ्ख्या ३१
३ जातिगत आधारमा जनसङ्ख्या ३२
४ वडागत जनसङ्ख्या स्थिति ३३
५ रोजगारी ३३
६ कृषि ३४
७ जमीनको विवरण ३५
८ वनजङ्गल ३५
९ शिक्षा र स्वास्थ्य ३६
१० खानेपानी, सडक, यातायात तथा विद्युत् ३७
११ सामाजिक धार्मिक अवस्था ३८
१२ चाडपर्व तथा साँस्कृतिक अवस्था ३८
१३ आर्थिक अवस्था ३८
१४ ऊर्जा तथा इन्धन ३९
१५ उद्योगधन्दा ३९
१६ सञ्चार ४०

## अध्याय - पाँच

**महिला अधिकारको स्रोत तथा पृष्ठभूमि** **४१-७२**
५.१ महिला सम्पत्तिका स्रोत ४१
१) अंशबन्डा ४३
२) स्त्रीअंश धन ४४
३) धर्मपुत्री ४६
४) अपुताली २५
५) लेनदेन ४६
६) दानबकस ४७
७) करणी ४७
८) बिहेवारी तथा सम्बन्धविच्छेद ४८
५.२ महिला सम्पत्ति र ततसम्बन्धी विभेदकारी कानूनी व्यवस्था ४९
५.४ एकल महिला (विधवाको) साम्पत्तिक हक व्यवस्था ५०
५.५ मानव अधिकार लैङ्गिक समानता र महिलाको सम्पत्तिको पृष्ठभूमि ५५

## अध्याय - छ


**अध्ययन क्षेत्रका महिलाको सामाजिक साम्पत्तिक अवस्था** ७३-८६

६.१ अध्ययन क्षेत्रका महिलाको उमेरगत अवस्था ७४
६.२ धार्मिक जातिगत अवस्था ७४
६.३ शैक्षिक तथा पेशागत अवस्था ७४
७.४ महिला घरमुली तथा घरमाथिको स्वामित्वको अवस्था ७५
६.५ अध्ययन क्षेत्रका महिलाहरूको बैंक खाताको अवस्था ७६
६.६ महिला मानव अधिकार तथा लैङ्गिक समानताको जानकारीको अवस्था ७६
६.७ सम्पत्ति प्राप्तिका लागि मुद्दा गरेको र पैत्रिक सम्पत्ति पाए नपाएको अवस्था ७७
६.८ अंश अपुताली दान बकस, धर्मपुत्रीका माध्यमबाट प्राप्त अचल सम्पत्तिको अवस्था७८
६.९ दैनिक कार्य विवरण ७९
६.१० पारिवारिक निर्णय निर्माणको अवस्था ८०
६.११ घर व्यवहार चलाउने मुख्य मानिस र सम्पत्तिमा बराबरी हक रहनुपर्ने व्यवस्था ८१
६.१२ विद्यालय शिक्षाको आवश्यकता ८२
६.१३ साम्पत्तिक अधिकार बारे कानुनी जानकारीको अवस्था ८३
६.१४ भूमिमा बराबरी हक रहनुपर्ने आवश्यकताको अवस्था ८४
६.१५ महिलाको नाममा सम्पत्ति किनिने अवस्था ८५


## अध्याय -सात


**सारांश, निष्कर्ष तथा सुझावहरू** ८७-९८

७.१ सारांश ८७
७.२ निष्कर्ष ९६
७.३ सुझावहरू ९७

*सन्दर्भ ग्रन्थ सूची*
*अनुसूची*

# तालिका सूची


| तालिका | | पृष्ठ |
|---|---|---|
| ४.१ | लिंग र उमेरअनुसारको जनसङ्ख्या | ३१ |
| ४.२ | जातिगत स्थिति | ३२ |
| ४.३ | वडागत जनसङ्ख्या स्थिति | ३३ |
| ४.४ | रोजगारीको अवस्था | ३४ |
| ४.५ | जमीनको विवरण | ३५ |
| ४.६ | शैक्षिक शिक्षा | ३६ |
| ६.१ | अध्ययन क्षेत्रका महिलाको उमेरगत अवस्था | ७४ |
| ६.२ | शैक्षिक तथा पेशागत अवस्था | ७५ |
| ६.३ | महिला घरमूली तथा घरमाथिको स्वामित्वको अवस्था | ७५ |
| ६.४ | महिला मानव अधिकार तथा लैंगिक समानताको जानकारीको अवस्था | ७६ |
| ६.५ | महिलाले सम्पत्तिप्राप्तिका लागि मुद्दा गरे नगरेको र पैत्रिक अचल सम्पतिको अवस्था | ८६ |
| ६.६ | अंश, दानबकस, अपुताली, धर्मपुत्रीका माध्यमबाट अचल सम्पत्ति पाए नपाएको अवस्था | ७८ |
| ६.७ | दैनिक कार्य विवरण | ७९ |
| ६.८ | निर्णय निर्माणमा महिलाको अवस्था र चल अचल सम्पत्तिको बिक्री व्यवहारमा सल्लाह लिने/नलिने अवस्था | ८० |
| ६.९ | घर व्यवहार चलाउने मुख्य मानिस र सम्पतिमा महिला पुरुष बीच बराबरी हक रहनुपर्ने अवस्था | ८१ |
| ६.१० | सम्पत्तिको बारेमा विद्यालय शिक्षाको आवश्यकता | ८२ |
| ६.११ | साम्पत्तिक अधिकारको बारेमा कानूनी जानकारीको अवस्था | ८३ |
| ६.१२ | भूमिमा बराबरी हक रहनुपर्ने आवश्यकताको अवस्था | ८४ |
| ६.१३ | महिलाको नाममा सम्पत्ति किनिने अवस्था | ८५ |


# चित्र सूची


| चित्र | | पृष्ठ |
|---|---|---|
| ६.१ | महिला मानव अधिकार तथा लैङ्गिक समानताको जानकारीको अवस्था | ७६ |
| ६.२ | दैनिक कार्य विवरण | ७९ |
| ६.३ | निर्णय निर्माणमा महिलाको अवस्था र चल अचल सम्पत्तिको बिक्री व्यवहारमा सल्लाह लिने/नलिने अवस्था | ८० |
| ६.४ | सम्पत्तिको बारेमा विद्यालय शिक्षाको आवश्यकता | ८२ |
| ६.५ | साम्पत्तिक अधिकारको बारेमा कानूनी जानकारीको अवस्था | ८३ |
| ६.६ | महिलाको नाममा सम्पत्ति किनिने अवस्था | ८५ |

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| अ.वं. | : | अंश बन्डा |
| अ.का. | : | अन्तरराष्ट्रिय कानून |
| इ.सं. | : | इस्वी सम्वत् |
| के.त.वि. | : | केन्द्रीय तथ्याङ्क विभाग |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| नं. | : | नम्बर |
| नि.नं. | : | निर्णय नम्बर |
| ने.का.प. | : | नेपाल कानूनी पत्रिका |
| प्र. | : | प्रतिशत |
| पृ. | : | पृष्ठ |
| पृ.ना. | : | पृथ्वीनारायण |
| मु.ऐ. | : | मुलुकी ऐन |
| वि.सं. | : | विक्रम सम्वत् |
| रा.यो.आ. | : | राष्ट्रिय योजना आयोग |
| सं. | : | सम्वत् |
| त्रि.वि.वि. | : | त्रिभुवन विश्व विद्यालय |